# सङ्क्रमणकालीन न्याय नागरिक निगरानी समिति

२०८१ कार्तिक १४ गते

## सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोगहरूमा स्वन्तन्त्र, निष्पक्ष, सक्षम र विज्ञ व्यक्तिहरूको सिफारिसका लागि आह्वान

मानव अधिकार तथा पीडितको न्यायको क्षेत्रमा सक्रिय व्यक्ति तथा संस्थाहरूको प्रतिनिधित्व भएको यो "सङ्क्रमणकालीन न्याय नागरिक निगरानी समिति" बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा प्रस्तावित महत्वपूर्ण संशोधनहरू संसदका दुवै सदनबाट पारित भई गत भाद्र १३ गते राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि कार्यान्वयनको प्रक्रिया सुरु हुनुलाई स्वागत गर्दछ ।

बृहत विस्तृत शान्ति सम्झौता, २०६३ को मर्मअनुसार सत्यको अभिलेखन गर्न, पीडितको परिपूरण सुनिश्चित गरी समाजमा मेलमिलापको वातावरण बनाउन र द्वन्द्वकालमा भएका मानव अधिकार उल्लङ्घन तथा गम्भीर अपराधका घटनामा जवाफदेही स्थापना गर्न संशोधित ऐनको मर्म र भावना अनुरूप सङ्क्रमणकालीन न्यायका अन्तर्राष्ट्रिय मान्यता अनुसार सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गर्न सिफारिस प्रक्रियालाई पारदर्शी, विश्वसनीय र सहभागितामूलक बनाउन निम्नानुसार ध्यानाकर्षण गराउँछौं ।

१. दुवै आयोगमा सिफारिस हुने व्यक्तित्वहरूको पृष्ठभूमि विश्वसनीय र आम नागरिक विशेषगरी पीडितका लागि स्वीकार्य हुनु अति आवश्यक छ । यस्ता पदाधिकारीहरु मानव अधिकार, शान्ति, द्वन्द्व समाधान र पीडितको न्यायका क्षेत्रमा संलग्न रहेको, शान्ति प्रक्रियालाई आत्मसात गर्न सक्ने, द्वन्द्व पीडितहरूसँगै सहकार्य गरेको, कानुन निर्माण तथा संशोधन प्रक्रियामा सकारात्मक योगदान गरेको, शान्ति प्रक्रियामा रचानात्मक भूमिका निर्वाह गरेको, राजनीतिक दल तथा नागरिक समाजसँग समन्वय गर्ने क्षमता भएको, न्यायिक आचरण भएको, निर्णय प्रक्रियामा निष्पक्षता कायम गर्नसक्ने क्षमता भएको, पीडितहरूले अपनत्व महसुस गर्न सक्ने, जनमानसमा स्वीकार्य हुन सक्ने, शान्ति र द्वन्द्व विषयमा जानकार, सामाजिक प्रतिष्ठा भएको, अन्तर्राष्ट्रिय समुदायसँग सहकार्य तथा समन्वय गर्नसक्ने क्षमता भएको जस्ता योग्य एवं सक्षम व्यक्तिलाई सिफारिस समितिले विशेष ध्यान दिनुपर्दछ ।

२. ऐनमा उल्लेख भएका आधारभूत योग्यता एवं सक्षमतामा कुनै पनि प्रकारको सम्झौता गरिनु हुँदैन । साथै, स्वार्थको द्वन्द्व (कन्फ्लिक्ट अफ इन्ट्रेस्ट) हुन सक्ने वा भएका व्यक्तित्वहरूलाई सिफारिस समितिले छनोट प्रक्रियामा सामेल गर्नु हुँदैन ।

३. दुवै आयोग गठनका क्रममा सिफारिस समितिले इच्छुक व्यक्तिहरूबाट आवेदनको साटो आशयका लागि आह्वान गर्नु उचित हुन्छ । यसले आयोगलाई उपयुक्त हुनसक्ने सक्षम व्यक्तिलाई आकर्षित गर्न मद्दत पुग्नेछ । साथै, सिफारिस समितिले आयोगमा प्रतिनिधित्व हुन उपयुक्त ठानिएका व्यक्तित्वहरूको सहमतिमा स्वतन्त्र, विश्वसनीय, सक्षम र विज्ञहरुलाई सङ्क्षिप्त सूचीमा स्वसमावेश गर्नुपर्दछ । यस प्रयोजनका लागि मानव अधिकार तथा सामाजिक संघ-संस्था एवं द्वन्द्व पीडितको

**सचिवालय**
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं,
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल,
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१,
Email: insec@insec.org.np
Web-site: www.insec.org.np, www.inseconline.org

क्षेत्रमा कार्यरत संस्थाहरुबाट समेत नाम मनोनयनका लागि सिफारिस समितिले आह्वान गर्न सकिने व्यस्था गर्नुपर्दछ ।

४. आयोग गठनको सिफारिस प्रक्रियामा अभिरुची राखी त्यसलाई व्यवस्थित, निष्पक्ष र स्वतन्त्र बनाउन मानव अधिकार तथा सामाजिक सङ्घ-संस्था तथा पीडितका क्षेत्रमा कार्यरत संस्थाहरूले दिएका सुझावहरूलाई सिफारिस समितिले गम्भीरतापूर्वक मनन गर्दै छनौट प्रक्रियाको मापदण्डमा समावेश गर्नुपर्दछ ।

५. सिफारिस समितिको कार्यभार अत्यन्त गम्भीर र ऐतिहासिक भएकाले पदाधिकारीहरुको सिफारिस प्रक्रियालाई निष्पक्ष, स्वतन्त्र र विश्वासयोग्य बनाउन यसले आफ्ना कार्यलाई पारदर्शी रूपमा सञ्चालन गर्नुपर्दछ । साथै, पीडित तया यससँग सम्बन्धित सरोकारवालाहरुको प्रतिनिधित्व र अपनत्व सुनिश्चित गर्नका लागि प्रत्यक्ष परामर्श पनि गरिनुपर्दछ ।

६. बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष र सदस्यहरूको सिफारिस गर्न गठित समितिले २०८१ कात्तिक ११ गते एक सूचना प्रकाशन गरी सिफारिससम्बन्धी छनौट प्रकृया-२०८१ उपर सुझाव माग गरिनु स्वागतयोग्य छ । तर, ४८ घण्टाको समय दिएर सुझाव मागिनुले उचित तथा पर्याप्त सुझावहरू प्राप्त हुन नसक्ने ध्यानाकर्षण गराउँदै समितिको कर्मकाण्डी खालका निर्णय तथा कृयाकलाप नगर्न अनुरोध गर्दछौं ।

आयोग गठनका लागि पदाधिकारीहरुको सिफारिस प्रक्रियादेखि दुवै आयोगहरूबाट सम्पन्न गरिने हरेक कार्य सम्पादनको यस सङ्क्रमणकालीन न्याय नागरिक निगरानी समितिले निरन्तर सुक्ष्म अवलोकन गर्ने, आयोगहरूलाई सुझाव दिने, पीडितको न्याय सुनिश्चितताका लागि रचनात्मक सहयोग गर्ने तथा आवश्यक परेको खण्डमा पीडित केन्द्रित सङ्क्रमणकालीन न्यायका लागि आवश्यक हुने समन्वय तथा सहकार्यजस्ता गतिविधिहरूमा समेत संलग्न रहने जानकारी गराउँछौं ।

**सुशील प्याकुरेल**
संयोजक

**थप जानकारीका लागि सम्पर्क:**

**सुशील प्याकुरेल,**
संयोजक
सम्पर्क नम्बर-९८५१०६८०८१

**विजयराज गौतम,**
सचिवालय, इन्सेक
सम्पर्क नम्बर–९८५१०५८४५५


**सचिवालय**
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं,
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल,
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१,
Email: insec@insec.org.np
Web-site: www.insec.org.np, www.inseconline.org